नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
General Federation of Nepalese Trade Unions (GEFONT)

## वैदेशिक रोजगार अभिमुखीकरण तालिम कार्यविधि संशोधन र तालिम शुल्क बृद्धि आदि बिषयमा जिफन्टको धारणा सार्वजनिक गर्न आयोजित :

# पत्रकार भेटघाट !

माघ २८, २०८०,

मनमोहन मजदुर भवन, पुतलीसडक, काठमाडौँ

प्रिय पत्रकार मित्रहरू,

हार्दिक स्वागत तथा अभिवादन ।

नेपाली युवा स्वदेशमा रोजगारी नपाएर मात्र होईन, स्वदेशको रोजगारीबाट प्राप्त हुने पारिश्रमिकले जीवन निर्वाह नहुँदा पनि विदेशिन वाध्य भएकाछन् । यसरी वाध्यतावस वैदेशिक रोजगारमा जान चक्रबृति व्याजमा ऋण लिने, भएको घर घडेरी धितो राख्ने कुरा नयाँ होईन । असल जीवन जीउने सपना बोकेर विदेशी भूमिमा अनेक प्रकारका समस्याको सामना गर्दै कमाएर पठाएको पठाउने श्रमिकका लागि वर्तमान सरकारले केही गरेको छैन । सरकार फगत औषधी बेच्ने औषधी पसले जस्तै बनेको छ । जहाँ कुनै सौदा हुदैँन, सेवाग्राहीले चुपचाप मूल्य तिर्नुको विकल्प रहँदैन । कामका लागि विदेशिने नागरिकका लागि यस्तै बनेको छ सरकार । सरकारले मूल्य तोक्ने बाहेक कुनै जिम्मेवारी पूरा गर्नु पर्दैन, कामका लागि विदेश जाने व्यक्तिले चुपचाप म्यानपावर कम्पनीले तोकेको मूल्य तिर्न बाध्यछन् ।

अहिले देशमा दस दलीय गठबन्धन सरकार छ । यो सरकारबाट संविधानमा परिकल्पना गरिएको लोककल्याणकारी कार्यक्रम सञ्चालन हुने, सुरक्षित आप्रवासनको अवस्था सिर्जना गर्ने तर्फ कुनै काम भएको छैन । विपन्न र बेरोजगार नागरिक वैदेशिक रोजगारीमा जाँदा हुने ठगी र ज्यादती नियन्त्रण गरिने आशा गर्ने कुनै ठाउँ छैन । वर्तमान श्रम मन्त्रीले, वाध्यतावस वैदेशिक

रोजगारीमा जाने नागरिकलाई आर्थिक भार थोपर्ने र ठग, कमिशनखोरहरूलाई संरक्षण दिने गरी अभिव्यक्ति दिदै आउनु भएको छ । उनीहरूको हितमा र श्रमिकको बिरूद्ध गुपचुप तरिकाले कार्यविधि संशोधन गर्ने, तालिम शुल्क बृद्धि गर्ने कार्य गर्नु भएको छ । विडम्वना नै भनौँ एउटै सरकारका प्रधानमन्त्रीले "अभिमुखीकरण तालिम निशुल्क बनाऊ," भन्ने श्रम मन्त्री र सचिवले रू.२८००। भन्दा कममा तालिम दिनै सकिदैन भन्दै सार्वजनिक रूपमा बोल्ने, यो भन्दा लज्जाको कुरा के हुन सक्छ ? । यसबाट प्रधानमन्त्रीले सार्वजनिक खपतका लागि मात्र निशुल्क तालिमको कुरा गरी रहनु भएको स्पष्ट नै छ ।
तथ्यले देखाएको छ वैदेशिक रोजगारीमा पीडितको संख्या हरेक दिन उकालो लाग्दै छ । यसको वावजुद नेपाली युवा विदेशिने क्रम डर लाग्दो गरी बढी रहेको छ । यो देशको लागि चिन्ताको विषय हो । त्यसैले अब वैदेशिक रोजगारको विकल्प स्वदेशमा सिर्जना गर्नु अनिवार्य छ ।

अहिले विप्रेषण देशको अर्थतन्त्रको मुख्य आधार बनेको छ । सन् २०२१ मा नेपालले १० खर्ब ८६ अर्ब रूपियाँ विप्रेषणबाट आम्दानी गरेको थियो । यस अवधीमा कामका लागि विदेश गएको श्रमिकको संख्याको आधारमा विप्रेषणको ठूलो हिस्सा सरकारले ल्याउन सकेन । तै पनि अहिले नेपाल सरकार आफैले गर्वका साथ भनी रहेको छ । "यो आर्थिक वर्षको पहिलो महिना साउनमा १ खर्ब १६ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो अहिलेसम्मकै कीर्तिमान हो" । तर दुःखको कुरा वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको कमाईमा गर्व गरेर सरकारले श्रमिकलाई आर्थिक भार थप्ने बाहेक केही गरेको छैन । विदेशमा नेपाली श्रमिक बिरामी पर्दा होस् वा दुर्घटनाको कारण अंगभंग वा मृत्यु भएको अवस्था होस्, अथवा कुनै कारणवस अलपत्र परेको अवस्थामा श्रमिकको उद्धार गर्न समेत सरकारले लगानी गरेको छैन । यसको श्रमिक आफैले रकम तिर्नु परि रहेको छ । उल्लेखित अवस्थाका लागि श्रम स्वीकृतिकै क्रममा बीमा र श्रम स्वीकृति शुल्कको नाममा श्रमिकसँग पैसा लिएर कल्याणकारी कोष स्थापना गरिएको छ । अझ सरकारले श्रमिककै हितमा काम गर्ने भन्दै, विदेश स्थित कुटनीतिक नियोगहरूलाई साधन सम्पन्न बनाउन कोषको रकममा गिद्दे दृष्टि लगाउन थालेको छ । जिफन्टलाई यो कदापी स्वीकार्य छैन ।

श्रमिकहरूले पठाएको विप्रेषणको केही प्रतिशत रकम छुट्टयाएर गन्तव्य देशका कुटनीतिक नियोगहरूलाई साधन स्रोत सम्पन्न बनाउन तथा विदेशबाट

स्वदेश फर्किएका श्रमिकहरूको सीप विकासका लागि सीप परिक्षण र, आयबृद्धि गर्न रोजगार प्रवर्द्धनमा केन्द्रीय वजेटबाट खर्च गरिनु पर्दछ । स्वदेशमा रोजगार प्रवर्द्धनका लागि ७५३ वटै पालिकाहरूसँग अन्तरपालिका समन्वय संरचना निर्माण गर्न सकिन्छ । तर श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस्ता बिषयमा कुनै वास्ता नै गरेको छैन । वैदेशिक रोजगार वोर्ड कल्याणकारी कोषको पैसाबाट विदेश यात्रा गर्ने ध्याउन्नमा रहेको देखिन्छ ।

यो दस दलीय गठबन्धन सरकारले विगतका सरकारको समयमा भएका श्रमिकमैत्री निर्णयहरू विभिन्न वहानामा एकपछि अर्को उल्ट्याउने प्रयास गरिरहेको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार वोर्डले आफ्नो अख्तियारी विपरित काम गर्न लाज मान्न छोडेकाछन । यसको उदाहरणको रूपमा निम्न घटनालाई लिन सकिन्छ ।

- वैदेशिक रोजगार बोर्डले श्रम सम्झौता विपरीत "मलेसियामा रहेका नेपाली कामदारको हित र सुरक्षासँग सम्बन्धित काम हेर्न दिने," भन्दै हरेक नेपाली श्रमिकबाट ४५ अमेरिकी डलर उठाउने गरी मलेसियाको एक निजी व्यवसायीक कम्पनी-'फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर'( एफडब्लुडब्लुएमसी)सँग जनवरी १, २०२४ देखि लागु हुने गरी सम्झौता गरेको छ । जुन काम वोर्डको अख्तियारभन्दा बाहिर तथा गैर कानूनी समेत छ । यद्यपी हाम्रो सचेत भूमिका र श्रमिकमैत्री भावना भएका सञ्चारकर्मीहरूले गर्नु भएको व्यापक भण्डाफोरपछि प्रधानमन्त्रीले "यो सम्झौता कार्यान्वयन नगर्नु" भनेर निर्देशन दिन वाध्य भएका छन् । तर पनि अहिलेसम्म खारेज भएको छैन ।
- मध्यपूर्व लगायतका केही देशमा जाने श्रमिकहरूले अङ्ग्रेजी भाषा परीक्षा पास गरेको प्रमाणपत्र पेश गर्नु पर्ने मापदण्ड थपिएको र त्यसैमार्फत् नक्कली प्रमाण-पत्र बिक्रीको धन्दा सुरू गर्न लागिएको समाचार राष्ट्रिय अखबारहरूले प्रकासित गरी सकेकै छन् । अवस्था यस्तो भयानक छ, सरकारी संयन्त्रमा रहेकाहरूबाट श्रमिक ठग्ने सञ्जालको वातावरण सुदृढ बनाउने काम खुल्लम खुल्ला गरिँदै छ ।
- वाध्यतावस वैदेशिक रोजगारीमा जाने नेपाली यूवा जनशक्तिलाई राहत प्रदान गर्न अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को 'फेयर रिक्रुटमेन्ट गाईडलाईन्स'को मान्यता अनुसार २०७२ साल असार २१ गते तत्कालीन सरकारले नि:शुल्क 'टिकट र भिसा' मा श्रमिक पठाउने व्यवस्था गर्ने

निर्णय गरेको थियो । तर अहिले यो सरकार उक्त निर्णय विपरित काम गर्न थालेको छ ।

- २०७५ साल पुस १८ गते सर्वोच्च अदालतको संयुक्त इजलासले सरकारका नाममा निःशुल्क भिसा र टिकटको निर्णय प्रभावकारी ढंगले लागू गर्न आवश्यक कानून तथा संयन्त्रको व्यवस्था गर्नू/गराउनू भनेर निर्देशनात्मक आदेश जारी गरेको थियो । अन्तर्राष्टिय श्रम संगठनको फेयर रिक्रुटमेन्ट गाईडलाइन्स, मन्त्रालयको आफ्नै निर्णय र सर्वोच्च अदालतको आदेस उल्ट्याउन षडयन्त्र गरिरहेको छ । जुन हामीलाई मान्य छैन ।

**त्यसैले जिफन्ट सरकारसँग यो प्रश्नको उत्तर चाहन्छ ।**

- प्रधानमन्त्रीज्यू यो देशको सरकार कसले चलाउँदै छ ?

**सरकारसँग हामी माग गर्दछौं** :

- वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ संसदको यही हिउँदे अधिवेशनबाट संशोधन गरि अन्तर्राष्टिय श्रम संगठनको फेयर रिक्रुटमेन्ट गाईडलाइन्स, पालना गरियोस् ।
- ऐन नियम कार्यान्वयन, नियमन गर्ने निकाय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सरोकारवालाहरूसँग छलफल समेत नगरी श्रमिकबाट रकम असुल्न संशोधन गरिएको अभिमुखीकरण तालिम कार्यविधि खारेज गरियोस् ।
- विदेश स्थित कुटनीतिक नियोगहरू साधन सम्पन्न बनाउन श्रमिकले वैदेशिक रोजगार वोर्ड, कल्याणकारी कोषमा रकम जम्मा गरेका होईनन् । त्यसैले कल्याणकारी कोषबाट नियोगहरूका लागि सवारी साधन खरिद् गर्ने, विदेशमा रोजगार मेला आयोजना गर्ने निर्णय तत्काल खारेज गरियोस् ।
- प्रस्थानपूर्व श्रमिकहरूलाई दिईने अभिमुखीकरण तालिम शुल्क बृद्धि निर्णय अविलम्ब खारेज गरियोस् ।
- वैदेशिक रोजगारीमा जानेहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकरण अनिवार्य गरिएको छ । यो राम्रो कामको थालनी हो । यद्यपी यसको निरन्तरता र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन धेरै काम गर्न आवश्यक छ । अब यसका लागि गन्तव्य मुलुकको सामाजिक सुरक्षा प्रणालीसँग श्रमिकलाई जोड्ने व्यवस्था गरिनु पदर्छ ।

साथै सामाजिक सुरक्षा कोषबाट सहज रूपमा सुविधा प्रदान गर्न सामाजिक सुरक्षा प्रणालीलाई एकीकृत रूपमा विकास गर्न अविलम्व काम थालनी गर्नु पर्दछ । यसको शुरूवात सामाजिक सुरक्षा प्रणाली लागू नहुँदा शुरू गरिएको कल्याणकारी कोषबाट बितरण गरिदै आएको सुविधा सामाजिक सुरक्षा कोषबाट नै बितरण गर्ने एकद्वार प्रणाली लागू गरिनु पर्दछ । र, श्रमिकहरूबाट बीमा, श्रम स्वीकृति शुल्क, सामाजिक सुरक्षा कोषको योगदान रकम गरी फरक फरक शिर्षकमा लिईनु हुँदैन । एकमुष्ट रूपमा लिई सामाजिक सुरक्षा कोष मातहत नै व्यवस्था गरिनु पर्दछ । वैदेशिक रोजगारमा रहेका श्रमिकलाई ऐन नियम बमोजिम सुविधा प्रदान गर्नु पर्ने अवस्थाको निर्क्यौल गर्ने, रकमको बारेमा निर्णय गर्ने जस्ता काम पूर्ववत रूपमा वोर्डबाट नै गर्ने । तर कल्याणकारी कोषको रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा हस्तान्त्रण गरी भुक्तानी सम्बन्धी सम्पूर्ण काम सामाजिक सुरक्षा कोषबाट गर्ने व्यवस्था गरियोस् ।

- वैदेशिक रोजगार प्रवर्द्धन गर्न आवश्यक नभएको हुनाले २०७५ साल चैत १९ गतेबाट केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५द्वारा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको नाम परिवर्तन गरि, स्वदेशमै रोजगारीको प्रवर्द्धन गर्ने र वैदेशिक रोजगारप्रति आकर्षित युवा जनशक्तिलाई स्वदेशकै कामप्रति आकर्षित गर्न आवश्यक भईसकेको सत्यलाई स्वीकार गर्दै वैदेशिक रोजगार वोर्ड बनाएको तथ्य मननयोग्य छ । चालु आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्ममा १ लाख ४१ हजार ६ सय ९४ नेपाली वैदेशिक रोजगारबाट स्वदेश फर्केको वैदेशिक रोजगार विभागको तथ्याङ् छ । त्यसैले वैदेशिक रोजगार वोर्डबाट विदेशमा रोजगार प्रवद्धन मेला आयोजना गर्न गरेको निर्णय खारेज गरी स्वदेशमा रोजगार प्रवर्द्धन मेला आयोजना गर्ने व्यवस्था गरियोस् ।
- हाल नेपालमा विप्रेषण कारोबार गर्ने ५१ वटा इजाजतपत्र प्राप्त कम्पनी (बैंक तथा वित्तीय संस्थाहरू बाहेक) रहेका छन् । वैदेशिक रोजगारमा रहेका श्रमिकले स्वदेशमा पैसा पठाउँदा सेवा शुल्क वापत लाग्ने रकमको अधिकतम दररेट श्रम सम्झौता गर्दा नै तोकिनु पर्दछ । यसका लागि नेपाल सरकारबाट आवश्यक व्यवस्था गर्न अविलम्ब पहल गरियोस् ।

**हामी खबरदारी गर्न चाहन्छौँ :**

वैदेशिक रोजगारमा जानेहरूले अहिले बढीमा रू.१० हजार सेवा शुल्क लाग्ने कानूनी व्यवस्था रहेको छ । तर म्यानपावर कम्पनीहरूको माग बमोजिम उक्त रकम बृद्धि गरी एक महिनाको पारिश्रमिक बराबरको रकम लिन पाउने गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्रीस्तरीय निर्णय भईसकेको तथा सो निर्णय मन्त्रीपरिषद् बैठकबाट पारित गराउने तयारी भई रहेको बजार हल्ला सुनिएको छ । यदी यस्तो कानून विपरित श्रमिक बिरोधी एवम् सर्वोच्च अदालतको उत्प्रेषणको आदेशको समेत विपरित हुने निर्णय गरिएमा ट्रेड यूनियनहरू आन्दोलन गर्न बाध्य हुने छन् । त्यसैले यस्ता गलत निर्णय नगर्न प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउँदै खबरदारी गर्न चाहन्छौँ ।

धन्यवाद ।

बिनोद श्रेष्ठ
अध्यक्ष